# छिमेकी कथामा सीमान्तीयता

✍ उमाकान्त न्यौपाने
(उप-प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस)

## सार

*यस लेखमा कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित छिमेकी कथामा रहेको सीमान्तीयताबारे अध्ययन गरिएको छ । सीमान्तीय दृष्टिकोणबाट अध्ययन गर्ने क्रममा यहाँ निगमनात्मक विधिको रूपमा स्थापित मान्यताहरूलाई अनुसरण गरिएको छ । सीमान्तीयताका प्रमुख सैद्धान्तिक स्वरूपहरूमा वर्गीय, चेतनागत, परिवेशगत र जातीय आधारबाट छिमेकी कथाको विश्लेषण गरिएको छ । यसैले विश्लेषणको प्रस्तुतीकरणमा वर्णनात्मक शैली अपनाइएको छ । प्रस्तुत अध्ययनमा सीमान्तीय सिद्धान्तका दृष्टिले छिमेकी कथाका अभिलक्षणहरू निरूपण गर्नु र सीमान्तीय दृष्टिबाटै छिमेकी कथाको मूल्याङ्कन गर्नुलाई प्रमुख समस्या वा उद्देश्यको रूपमा लिइएको छ । छिमेकी कथामा धनी र गरिब गरी दुई वर्गका पात्र पाउन सकिन्छ । धनी र गरिबको वर्गीय स्वरूपलाई कथित जातीय आधारमा पनि मिलान गर्ने गरी कथाकार गुरुप्रसाद मैनालीले यस कथाको विन्यास गरेका छन् । यो तत्कालीन नेपाली समाज सुहाउँदो विषयसन्दर्भ मानिन्थ्यो । गाउँका सरल तथा गरिब पात्रको रूपमा गुमाने र धनजिते देखा परेका छन् भने धनी वर्गका रूपमा धर्मानन्द पाध्ये र आशामरु साहु देखा परेका छन् । वर्गसँगै कथित उच्च जातिमा पहाडी खसआर्यका धर्मानन्द पाध्ये र नेवारी जातिका आशामरु देखा पर्दछन् । त्यस्तै शिक्षित र अशिक्षितजस्ता चेतनागत आधारमा र ग्रामीण तथा सहरी क्षेत्रको परिवेशत आधारमा पनि सीमान्तीयता पाउन सकिन्छ । कथामा आएका गुमाने र धनजिते प्रमुख सीमान्तीय पात्र हुन् । उनीहरूको केन्द्रीयतामा नै वर्गीय, जातीय, चेतनागत र परिवेशगत आधारका सीमान्तीय स्वरूप देखा परेको पाइन्छ । त्यसैले कथाकार गुरुप्रसाद मैनालीले लेखेको छिमेकी कथालाई समयानुकूल सीमान्तीय दृष्टिकोणबाट विश्लेषण गर्नु जरुरी ठहर्छ ।*

**शब्दकुञ्जी :** किनारीकृत, नवमार्क्सवाद, प्रभुत्व, बहिष्करण, सबाल्टर्न, सीमान्तीयता ।

### विषयप्रवेश

'सीमान्तीयता' शब्द अङ्ग्रेजी 'सबाल्टर्न'को नेपाली रूपान्तरण हो । सबाल्टर्न शब्दको व्युत्पत्ति इसाको सोह्रौं शताब्दीमा पाश्चात्य साहित्यबाट भएको पाइन्छ । सन् १५६०को दशकमा सर्वप्रथम प्रयोग भएको सबाल्टर्न शब्द ल्याटिन भाषाको सबाल्टर्नस (subalternus) बाट अङ्ग्रेजीमा आएको हो, जसको व्युत्पत्तिगत अर्थ 'तुलनात्मक रूपमा अरूभन्दा निम्न स्तरको' भन्ने हुन्छ ( मेरियम वेबस्टर शब्दकोश) । कार्ल मार्क्सले सर्वप्रथम अर्थसँग जोडेर सम्भ्रान्त र सर्वहाराको विषयमा सबाल्टर्नको विषय उठान गरे पनि समसामयिक सन्दर्भमा भने यसलाई एन्टोनियो ग्राम्सीले स्थापित

गर्ने काम गरेको पाइन्छ । एन्टोनियो ग्राम्सीले प्रभुता वा प्रभुत्वका सन्दर्भबाट सर्बाल्टर्नलाई हेरेका छन् (शर्मा, २०७०, पृ.३१६) । कार्ल मार्क्सको वर्गद्वन्द्व वा वर्गसङ्घर्षसँग सीमान्तीयताको सम्बन्ध छ। मार्क्सको समाजभित्र वर्गीयरूपमा धनी र गरिबको अवस्था हुन्छ भन्ने अभिव्यक्तिमा सीमान्तीयताको आधारशिला बनेको पाइन्छ । शोषक र शोषित वर्गसम्बन्धी यिनै कार्ल मार्क्सका विचारलाई नवमार्क्सवादीले पनि मान्यता दिने काम गरे । नवमार्क्सवादीमध्यैकै एन्टोनिया ग्राम्सीले मार्क्सको वर्गीय विभाजनका आधारमा साहित्यमा सबाल्टर्नलाई सैद्धान्तिक आधार दिने काम गरेका हुन् । वर्गीय स्वरूपको बीजबाट उत्पत्ति भएको "सबाल्टर्न शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओभ्रेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्ग/व्यक्ति/समूहलाई बुझाउँछ" (श्रेष्ठ, २०६८, पृ. १७) । यसरी सीमान्तीयताको समकक्षी अङ्ग्रेजी शब्द सबाल्टर्नले सापेक्षवादको रूपमा अरूभन्दा तल्लो वा निम्नस्तरको अर्थ बोध गराएको छ । यसैले सीमान्तीयताभित्र व्यक्ति, जाति, वर्ग, लिङ्ग, समुदाय, परिवेश आदि विविध पक्षहरू पर्दछन्, जो अरूभन्दा निम्न भनी तुलनायोग्य हुन्छन् र समाजमा बहिष्करणमा समेत पर्दछन् ।

नेपाली समालोचक मोहनराज शर्माले सांस्कृतिक अध्ययनसँग सम्बन्धित सीमान्तीयताको पर्यायवाची शब्द 'अवरजन' को प्रयोग गरेका छन् । उनको परिभाषामा सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्ति अवरजन वा सबाल्टर्न (शर्मा, २०७०, पृ.३१५) हो । अहिले नेपाली साहित्यमा भने सबाल्टर्न, अवरजनजस्ता शब्दभन्दा पनि सीमान्तीयता नै बढी प्रयोग हुने गरेको छ । नेत्र एटमले "सबाल्टर्न अध्ययनले सुकिला, कुलीन वर्गका विरुद्ध किनारीकृत समूहलाई केन्द्रमा राखेर इतिहासको व्याख्या गर्छ र ती समूहको अन्तर्विरोध, साहित्यमा त्यसको पक्षधरता, शासकीय अधीनस्थता, मौनता, प्रतिरोध आदिका कारणहरूको खोजी गर्दछ" ( २०७३, पृ.२४७) भनेका छन् । यो सीमान्तीयताले सीमान्तकृत वा किनारीकृतबाट लेखिएका रचनाहरूलाई आधार बनाएर अध्ययन गर्दछ । सीमान्तीयताले सांस्कृतिक सन्दर्भमा आफ्नो दरिलो साइनो गाँसेजत्तिकै अहिले साहित्यमा पनि स्थापित भइसकेको छ ।

सीमान्तीयताको कुनै निश्चित भूगोल छैन । यो सर्वव्यापी रहेको हुँदा कुनै पनि जाति, वर्ग, क्षेत्र, लिङ्ग, धर्म, संस्कार, रूप, रङ, स्वभाव, चिन्तन आदिमा पनि सीमान्तीयता रहेको हुन्छ । अतः यसले सीमान्तकृत पात्र, परिवेश, वर्ग, प्रतिनिधित्व, पहिचान, लैङ्गिकतालगायतका विषयमा समसामयिक सन्दर्भबाट केकस्तो विभेद, पछाडि पारिएको अवस्था छ भनी अध्ययन गर्दछ । यसै सैद्धान्तिक आधारमा प्रस्तुत छिमेकी कथाभित्र प्राप्त वर्गीय, परिवेशगत, जातीय तथा चेतनागत सीमान्तीयताबारे विश्लेषण गरिएको छ ।

## समस्या र उद्देश्य

कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित छिमेकी कथालाई सीमान्तीय दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्नका लागि निम्नानुसारका समस्या वा उद्देश्य तय गरिएको छ :

क) सीमान्तीय सिद्धान्तका दृष्टिले *छिमेकी* कथामा केकस्ता अभिलक्षणहरू पाइन्छन् ?

ख) सीमान्तीय दृष्टिले *छिमेकी* कथाको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

उल्लिखित अनुसन्धान समस्याहरूको समाधान गर्नु नै यस अनुसन्धानात्मक लेखको प्रमुख उद्देश्य हो ।

**अनुसन्धान विधि**

यस अनुसन्धानमा कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित *नासो* कथासङ्ग्रहमा सङ्कलित *छिमेकी* कथालाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । छिमेकी कथालाई सीमान्तीय दृष्टिबाट अध्ययन मूल्याङ्कन गर्नका लागि मूलतः पुस्तकालयबाट सीमान्तीय अध्ययनसम्बन्धी पुस्तकहरूलाई द्वितीयक स्रोतसामग्रीको रूपमा लिइएको छ । विभिन्न पुस्तकाकार ग्रन्थका आधारमा सैद्धान्तिक आधार खडा गरी सीमान्तीय विश्लेषण प्रक्रियालाई पूर्णता दिइएको छ । यस सन्दर्भमा छिमेकी कथाभित्र पाइने वर्गीय, जातीय, परिवेशगत र चेतनागत सीमान्तीयताको आधारबाट मूल्याङ्कन/विश्लेषण गरिएको छ । यसर्थ प्रस्तुत लेख गुणात्मक प्रकृतिको अनुसन्धानमा आधारित भएको हुँदा यहाँ निगमनात्मक विधिसँगै तथ्यको प्रस्तुतीकरणमा वर्णनात्मकता अपनाइएको छ ।

**छिमेकी कथाको वस्तुविन्यास**

छिमेकी कथा नेपालको पहाडी ग्रामीण परिवेशमा रचना गरिएको छ । असारको अहिना दिउँसो टन्टलापुर घाम लागेको समयमा किसानहरू कुलोमाथिको चौतारामा बसेका थिए । त्यही स्थानमा आशामरु साहुको पसल थियो । धर्मानन्द पाध्ये चौतारामा बसेर ठट्याउला गफ गर्दै थिए भने गुमाने घर्ती ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे घुम बुन्दै थियो । मानिसहरूलाई एकआपसमा लडाएर तमासा हेर्ने स्वभाव धर्मानन्द पाध्येको थियो । एकछिनपछि गुमानेको गोरु धनजितेको धानको ब्याडमा पस्यो । ब्याडको बिउ खाएको देखेर धनजिते रिसले आवेगमा आई गोरुलाई लखेटीलखेटी कुट्न थाल्यो । किसानहरू सबैथोक सहन्छन् तर आफूले जोत्ने गोरु कुटेको सहन सक्दैनन् । यसर्थ, गुमानेको रिसले सीमा नाघ्यो र धनजितेलाई गाली गर्न थाल्यो । गाली सुनेर धनजिते पनि झन् आगो भयो । यसै अवस्थामा धर्मानन्दले सुर्तीको मुठो निचोर्दै 'कस्तो मिचाहा भोटे रहेछ' भनी गुमानेलाई उकास्ने काम गरे । यत्तिकैमा गुमाने र धनजितेबीच हात हालाहालको अवस्था भयो । झगडाको समयमा उनीहरूले पुर्खाको समेत हुर्मत लिन बाँकी राखेनन् । यसपछि यी दुई छिमेकीको बोलचालसमेत बन्द भयो । बाटामा भेट हुँदा तर्केर हिँड्न थाले ।

भदौ महिनामा गाउँमा आँठे ज्वराको महामारी आयो । गाउँको चलनअनुसार गुमानेले जान्ने बसायो । गाउँका सबै मानिस भेला भए तर करेसाको धनजिते गुमानेका घरमा आएन । जान्नेले देवीको दोष देखायो । सबै भेला भएर धुमधाम पूजा गरे । पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी तर सामान्य उपचारपछि बाँची । यसपछि त्यो रोग धनजितेकहाँ पुग्यो । धनजिते र उसकी स्वास्नी

हैजाले सिकिस्त बिरामी भए । इन्तु न चिन्तु बने । पानी खान दिनेसम्म कोही भएन । सारा गाउँ सोत्तर बन्यो । धनजितेका गाईबाख्रा किलाका किलै भए र मर्न लागे । यस्तो दयनीय अवस्था देखेर गुमानेले चित्त थाम्न नसकी बैगुनीलाई गुनलाई मार्ने गरी धनजितेको सहारा बन्न गयो । उसले धनजितेसहित गाईबस्तुको स्याहारसुसार गऱ्यो । यतिकैमा बिहान गुमानेलाई खोज्दै आशामरु साहु आइपुग्छन् । उनले गुमानेलाई पसलको सामान ल्याइदिन सहर जानका लागि भन्छन् । पैसाको प्रलोभन देखाई भारी बोक्न जानु भन्दा गुमाने मान्दैन । उसले उल्टै आशामरु साहुलाई छिमेकीलाई यस्तो अवस्थामा छाडेर जान सक्दिनँ भन्छ । बिरामी भएको भए तिम्रो पनि यस्तै हालत हुने कुरा साहुलाई गुमानेले भन्दा साहुले अगाडिको झगडामा धनजितेले झन्डै मारेको कुरा गर्छन् । त्यहाँ गुमानेले झगडा हुँदा आफ्नो पनि दोष थियो भन्छ । यी दुईको संवादबाट धनजिते होसमा आउँछ । अनि गुमानेले धनजितेलाई कस्तो छ माल्दाइ भनी बोलाउँछ । गल्तीको प्रायश्चित्त गर्दै धनजितेले पनि गुमानेलाई कहिले आइस् कान्छा भनी मधुरो स्वरमा पश्चातापूर्ण आवाज निकाल्छ । त्यसपछि दुवैले विगतको गल्ती नदोहोऱ्याउने गरी पुनः मित्रता  गाँस्छन् ।

**छिमेकी कथामा सीमान्तीयता**

कथाकार गुरुप्रसाद मैनाली (१९५७-२०२८) नेपाली कथा परम्परामा आधुनिकतालाई प्रवेश गराउने प्रथम कथाकार हुन् । यस आधारमा उनी 'कथागुरु' पनि मानिन्छन् । माध्यमिक कालीन कथालेखन परम्परालाई छाडेर आधुनिकता ल्याउँदा कथाकार मैनालीले सामाजिक विषयवस्तु ग्रहण गरेको पाइन्छ । उनका कथाहरूमा सामाजिक पक्षलाई झल्काउने गरी ग्रामीण नेपाली जनजीवनलाई स्वाभाविक रूपमा यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । कथाकार मैनालीको एउटै मात्र *नासो* कथासङ्ग्रह प्रकाशित छ । उक्त कथा सङ्ग्रहमा उनका ११ ओटा कथाहरू सङ्कलन गरिएको छ । ती हुन् : *नासो, छिमेकी, प्रायश्चित्त, पापको परिणाम, बिदा, परालको आगो, अभागी, सहिद, कर्तव्य, प्रत्यागमन* र *चिताको ज्वला* । यी ११ ओटा कथा लेखेर चर्चित बनेका कथाकार मैनालीका प्रायःजसो कथाहरूमा नेपाली समाजमा घट्ने घटनालाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरी कथाको अन्त्यतिर आदर्शवादी मान्यता राख्ने गरेका छन् । यसैले उनी आदर्शोन्मुख यथार्थवादी कथाकार हुन् । उनको *छिमेकी* कथाले पनि यथार्थरूपमा ग्रामीण नेपाली समाजको चित्रण गरी आदर्शको पाठ पढाएको छ । यस कथामा गुमाने, धनजितेजस्ता निम्नवर्गीय पात्र र धर्मानन्द पाध्ये, आशामरु साहुजस्ता उच्च धनी वर्गका पात्रबाट ययार्थपरक नेपाली समाजलाई प्रस्ट्याउने काम भएको छ । अतः यिनै पात्र र तिनका चारित्रिक वैशिष्ट्यका आधारमा यस लघु अनुसन्धानमूलक लेखमा सीमन्तीयताको पक्ष केलाउने काम भएको छ । यसैले छिमेकी कथामा पाइने सीमान्तीयताको विश्लेषण गर्न सीमान्तीयताको सैद्धान्तिक कसीमा रहेका निम्नलिखित सर्वमान्य आधारहरू लिइएको छ :

**वर्गीय सीमान्तीयता**

छिमेकी कथामा वर्गीय सीमान्तीयता प्रमुख रूपमा देखा परेको छ । यहाँ धनी र गरिब गरी दुई वर्गको राम्रो उपस्थिति छ । वर्गीय आधारमा यस कथामा गुमाने घर्ती र धनजिते भोटे प्रमुख सीमान्तीकृत पात्र हुन् । उनीहरू कृषि कर्म गरी जीवन गुजारा गर्ने गर्दछन् । उनीहरूको कृषिकर्म केवल जीवननिर्वाहमुखी मात्रै छ । मेलापात र ज्याला मजुरी गरेर जीवन चलाउने गुमाने र धनजितेलाई खेतीपातीबाट सरकारको तिरो, साहुको ब्याज तिरी घरखर्च धान्न समेत धौधौ छ । यस कारण पनि उनीहरू निम्नवर्गीय किसान हुन् । यस तथ्यको साक्षी यस प्रकार छ :

> ‘यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखत बखतमा पानी परिदिए खेती कमाइबाट सरकारको तिरो, साहुको ऋणको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पु¥याउन सके पुगेको थियो (पृ. १२) ।’

माथिको साक्षीले धनजिते र गुमानेलगायत किसानहरूको निम्न आर्थिक अवस्था छ भन्ने कुरा चित्रित हुन्छ । यहाँ निम्न आर्थिक अवस्था भएकाहरुले जीवनमा ठुलो महत्त्वकाङ्क्षा राख्दैनन् भन्ने पनि देखाइएको छ । केवल मेहनत गरेर सहज तरिकाबाट जीवन गुजारा गर्न पाए हुन्थ्यो भन्ने उनीहरूको इच्छा छ । ठुलो प्रगति गर्ने र धनसम्पत्ति आर्जन गर्ने नियत यस्ता सीमान्तकृत पात्रमा रहेको पाइँदैन।

गुमाने खेतीकिसानीसँगै साहुको भारी बोकेरसमेत जीवन गुजारा गर्ने पात्र हो । ऊ जस्तोसुकै कठिन परिस्थितिमा पनि साहुको काम गर्न विवश पात्र हो । धनजिते बिरामी भएको अवस्थामा हेरचाहमा खटिएको बेला आशामरु साहुले उसलाई पसलको समानको भारी खेप्न पैसाको लोभ देखाउँछ । पैसाको लोभमा पारेर गुमानेलाई जसरी पनि भारी बोकाउन सकिन्छ भन्ने साहुको सोचाइविपरीत काम गरेको छ। कथामा यस कुराको साक्षी यस्तो रहेको छ :

> गुमानेलाई खोज्दै आशामरु साहु आइपुग्यो । एकाबिहानै आशामरुलाई देखेर गुमानेले भन्यो
>
> ‘कति कामलाई उकालो लाग्यौ साहु ?’
>
> ‘पसलमा बखे मालटाल छैन, डुबै डिनलाई सहर जाइ डिन्ठस् कि ?’
>
> ‘छिमेकमा यो बिजोक भइ रहेछ, क्यै काम नपाएर जान्छु अब भारी खेप्न !’
>
> ‘रोज रुपियाँ डिन्छ लाटा !’ (पृ.१५)

माथिको साक्षीका आधारमा गुमानेलाई साहुले धनको लोभमा पार्ने प्रपञ्च रचेको पनि अवस्था छ । गरिब नेपाली सोझा हुन्छन् र तिनीहरुलाई सहजै पैसाको लोभमा पार्न सकिन्छ भन्ने कुरालाई भने

यहाँ सफल हुन दिइएको छैन । गरिब भए पनि पैसाको निम्ति आत्मा नबेच्ने कुरा गुमानेले यसरी बोले को छ :

> के रुपियाँको लोभ देखाउँछौँ साहु, गरिब छु, निमेक मजुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । (पृ.१५)

यहाँ साक्षीको रूपमा गुमानेले यथार्थपरक ढङ्गबाट आफैँले आफैँलाई गरिब भएको कुरो आफैँ स्वीकार गरेको छ । उसले साहुलाई पनि धनको धाँक नदेखाउन यसरी भन्दछ :

> तिमी त ठमठमती छौ र पो रुपियाँको धाक देखाउँछौँ । धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ? (पृ.१५)

अर्कातिर धनमान साहु र धर्मानन्द पाध्येजस्ता धनी वर्गले पनि कुनै न कुनै रूपमा गरिबलाई आफ्नो प्रभावमा पारिरहेको अवस्थामा गुमाने र धनजितेका माध्यमबाट सीमान्तीयता देखाउन सकिन्छ ।

**चेतनागत सीमान्तीयता**

पात्रको चेतनाका आधारमा यस कथामा सीमान्तीयता पाइन्छ । कथामा आएका गुमाने र धनजिते सोझा निरक्षर मानिस हुन् । उनीहरू औपचारिक शिक्षा हासिल नगरेपछि अशिक्षित चेतनागत सीमान्तीकृत पात्रका रूपमा प्रस्तुत भएका छन् । गुमानेको गोरु धनजितेको ब्याडको बिउमा पसेको निहुँमै उनीहरूबीच झगडा भएको छ । सानो निहुँ बढ्दै गएर अन्ततः ठुलो झगडा बनेको छ । धनजितेको अल्पकालीन सोच र क्षणिक आवेग यस्तो देखाइएको छ :

> एकछिनपछि गुमानेका गोरु धनजितेका बिउमा पसे । आजभोलि रोप्नुपर्ने बिउ, धनजिते आगो भयो । घुम भुइँमा मिल्काएर गोरुलाई लगारी लगारीकन चुट्न थाल्यो (पृ.१२) ।

यहाँ पशुलाई निर्दयी भएर कुट्नु हुँदैन भन्ने चेतना पनि धनजितेमा नभएको देखाइएको छ । यसले सरल सोझा कृषकहरू आफ्नो अन्नलाई सर्वोपरि ठान्दा पशुलाई निर्मम तरिकाले कुट्न पनि पछि पर्दैनन् भन्ने कुरालाई पुष्टि गर्न खोजिएको छ ।

यसबीचमा गुमानेलाई उकास्ने काम गाउँका बुज्रुक भनिएका धर्मानन्द पाध्येले गरेका छन् तर धर्मानन्दले आफूलाई उकास्दै छन् भन्ने कुरा गुमानेलाई थाहा छैन । यसको साक्षीको रूपमा कथामा यसो भनिएको छ :

> धर्मानन्दलाई लडाउने मौका पर्‍यो । सुर्तीको लुँडो निमोठ्दै भने कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफै कुट्छ, अझ उही चोर र सोर उड्कन्छ (पृ.१३) ।

यहाँ धर्मानन्द पाध्येको खुबी वा चेतनाका सामु गुमानेको बौद्धिकता निरीह बनेको छ । गुमानेभित्रको चेतनालाई धर्मानन्दले सहजै निलिदिएका छन् । निर्धाको हात छिटो चल्छ भनेझैं गुमानेले किन मुख छोड्छस् ए धनजिते डाकु भनेर हात मिसिहाल्नुले पनि चेतनाको स्तरमा तल रहेको तथ्य पुष्टि हुन्छ ।

कथामा परम्परागत अन्धविश्वासलाई स्वीकार गरिएको देखाउँदा पनि चेतनागत सीमान्तीयता भएको प्रकट हुन्छ । गुमानेले आँठे रोगलाई देउदेउताको दोष हो भन्ने ठानेको छ । हैजाको कारण र निराकरणमा वैज्ञानिकता पुष्टि हुन सकेको छैन । यस कुरामा धर्मानन्द अलि विश्वास गर्दैनन् तर गुमाने भने पहिलेको संयोगलाई पनि आफ्नो तर्कको पुस्ट्याइँ गर्ने काम कथामा यसरी भएको छ :

> .....देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ । परार रगत मासीले गावैं सोतर भो । गाउँका धानीको पूजा गरुँ भन्दा सिमेभुमे पुजेर पनि रोग हराउँछ ? भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भुमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो (पृ.१४) । यसरी कथामा चेतनागत सीमान्तीयता पनि विश्लेषणीय तथ्य बनेको छ ।

**परिवेशगत सीमान्तीयता**

छिमेकी कथामा परिवेशगत सीमान्तीयता पनि पाउन सकिन्छ । परिवेश भनेको यहाँ देश, काल र परिस्थिति नै हो । देशले ठाउँ, कालले समय र परिस्थितिले अवस्थालाई बुझाउँदछ । पक्कै पनि सहरी परिवेशभन्दा ग्रामीण परिवेशको सीमान्तीयताको प्रभाव कथामा छ । ग्रामीण सोझोपना र सरलपन यहाँ देखाइएको छ । यस्तै ग्रामीण लबज र अशिक्षाको प्रभावले गर्दा पनि मानक उच्चारण नभएको देखिन्छ । सहरी सुख सुविधाको आनन्दमा यहाँका पात्रहरू प्रवेश गर्न सकेका छैनन् । त्यसैले त ठुलाठुला भवन बनाउने वा परदेशतिर घुम्न जाने रहर पनि पाइँदैन । मात्र आफ्नो जीवनलाई सरल तरिकाले अघि बढाउन पाए हुन्थ्यो भन्ने चाहना कथाका प्रमुख पात्र गुमाने र धनजितेमा छ । यस तथ्यको साक्षी यस प्रकार छ :

> 'यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरुलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयंकर रोगले तिलभर पनि छोएको थिएन । केवल बखत बखतमा पानी परिदिए खेती कमाइबाट सरकारको तिरो, साहुको ऋणको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो (पृ.१२) ।'

**जातीय सीमान्तीयता**

छिमेकी कथामा धर्मानन्द पाध्ये कथित उच्च ब्राह्मण जातिका छन् भने गुमाने घर्ती र धनजिते भोटे जनजाति छन् । यहाँ बाहुन जनजातिभन्दा अलि टाठोबाठो हुन्छ भन्ने कुरालाई धर्मानन्दको यो परिचय र तथ्यले प्रस्ट पारेको छ :

**छिमेकी कथामा सीमान्तीयता**

> धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, वीरसिक्का पढ्थे । गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे । मानिसलाई लडाएर तमासा हेर्ने उनको स्वभाव थियो । (पृ.१२)

यहाँ धर्मानन्दको ठटेउलो स्वभाव अनि वीरसिक्का पढ्ने स्वभावले गुमाने र धनजिते लगायत गाउँमै कोही पनि त्यस्तो स्वभावको शिक्षित व्यक्ति नरहेको पनि सङ्केत गरेको छ । जनजातिको चेतना स्तर खस आर्यको जति नरहेको कुरा धर्मानन्दको उक्साहटमा गुमाने पर्नुले पनि पुष्टि गर्न खोजिएको छ ।

**निष्कर्ष**

*छिमेकी* सीमान्तकृत पात्रको प्रयोग गरिएको आदर्शोन्मुख यथार्थवादी कथा हो । यस कथामा धनी र गरिब गरी दुई वर्गका पात्र पाउन सकिन्छ । धनी र गरिबको वर्गीय स्वरूपलाई कथित जातीय आधारमा पनि मिलान गर्ने गरी कथाकार गुरुप्रसाद मैनालीले यस कथाको विन्यास गरेका छन् । धनी वर्गसँगै कथित उच्च जाति र गरिब वर्गसँगै कथित निच जातिलाई यहाँ जातीय सीमान्तीयता ठान्नुपर्दछ । त्यस्तै शिक्षित र अशिक्षितजस्ता चेतनागत आधारमा र ग्रामीण तथा सहरी क्षेत्रको परिवेशत आधारमा पनि सीमान्तीयता पाउन सकिन्छ । कथामा आएका गुमाने र धनजिते प्रमुख सीमान्तीय पात्र हुन् । उनीहरूको केन्द्रीयतामा यस कथामा वर्गीय, जातीय, चेतनागत र परिवेशगत आधारका सीमान्तीय स्वरूप देखा परेको पाइन्छ । त्यसैले कथाकार गुरुप्रसाद मैनालीले लेखेको छिमेकी कथालाई नवीन सीमान्तीय दृष्टिकोणबाट समानुकूल व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । यो सीमान्तीयताको सग्लो चित्र उतारिएको कथा बन्न पुगेको छ । यसैले सीमान्तीय दृष्टिबाट भन्दा छिमेकी कथालाई तत्कालीन परिवेशअनुरूप सीमान्तकृत पात्रको पहिचान र अस्तित्व गाँसिएको सामाजिक यथार्थपरक कथाको रूपमा लिन सकिन्छ ।

## सन्दर्भसूची


एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुर र अन्य (२०६७), *सबैको नेपाली,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्र्टन अध्ययन,* ललितपुर : साझा प्रकाशन

मैनाली, गुरुप्रसाद (२०२०), *नासो* कथा सङ्ग्रह, ललितपुरः साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०७०), *अवरजन अध्ययन र साहित्य,* भृकुटी, सांस्कृतिक अध्ययन विशेषाङ्क, अङ्क १९

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

www.merriam-webster.com/dictionary/subaltern